# नेपालमा विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको प्रयास, चुनौती र भावी रणनीतिहरू



नवराज भट्टराई*

## १. विषय प्रवेश

विकेन्द्रीकरण, स्थानीय शासन र सहभागितामूलक विकास पद्धति जनतालाई सशक्तीकरण गर्ने, जनताका प्रतिनिधिहरूलाई जवाफदेही बहन गर्न सक्ने बनाउने र समुदायलाई स्थानीय विकासका क्रियाकलापप्रति जिम्मेवार बनाउने सशक्त माध्यम हुन् । नेपालमा विकेन्द्रीकरण र स्वायत्त शासनको रणनीति, स्थानीय स्वशासनका लागि जारी गरिएको स्थानीय स्वायत्त शासन ऐन/नियम र राज्यले अंगीकार गरेको सामाजिक परिचालनको कार्यनीतिले सहभागितामूलक विकास प्रयासलाई प्रवर्धन गर्दै आएको पाइन्छ । सहभागिताले सही निर्णयमा पुग्न सहयोग गर्ने मात्र नभई भएगरेका कामकारबाहीमा पारदर्शिता र जवाफदेहिता सृजना गर्नुको अतिरिक्त उपलब्ध स्रोतसाधनको उच्चतम परिचालन हुन गई बढी प्रतिफल प्राप्त गर्न समेत सघाउँछ । स्थानीय स्वशासन र सहभागितामूलक पद्धतिले विकासका प्रयासहरूलाई स्थानीय स्तरमा संस्थागत गर्नुका साथै तीप्रति स्थानीय समुदायको स्वामित्वभाव समेत सृजना गर्दछ। अतः स्थानीय सुशासन र सहभागितामूलक विकास पद्धति हाम्रो देशमा क्रमिक रूपमा विकास अनुशासन र स्थानीय स्तरमा सुशासन कायम गर्ने प्रमुख रणनीतिका रूपमा विकसित हुँदै आएका छन् ।

विकेन्द्रीकरण, स्थानीय स्वशासन र विकासबीच घनिष्ट सम्बन्ध छ। स्थानीय स्तरको नीति निर्माण, योजना तर्जुमा र तिनको कार्यान्वयन गर्ने अधिकार विकेन्द्रीकरणका माध्यमद्वारा स्थानीय स्तरमा दिइने गरिन्छ। स्थानीय स्तरका विभिन्न विकास प्रयासहरूले मूलतः राष्ट्रिय लक्ष्य र उद्देश्य परिपूर्ति गर्नमा ठोस योगदान पुऱ्याउँछन् । अतः विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासन शासकीय प्रक्रियाका त्यस्ता माध्यम हुन्, जसबाट स्थानीय विकासका प्रयासहरूलाई प्रभावकारी पारी राष्ट्रले सर्वोपरी हित र गरिबी निवारण गर्ने जस्तो बृहत् लक्ष्य प्राप्ति गर्नमा बल पुग्ने गर्दछ । यसै तथ्यलाई हृदयङ्गम गरी देशको चालू दशौं पञ्चवर्षीय योजनाले विकन्द्रीकरणलाई स्थानीय विकास र सुशासन प्रवर्धनको प्रमुख बहुपक्षीय क्षेत्रका रूपमा स्वीकारेको छ ।

## २. विकेन्द्रीकरणको अवधारणा र यसको प्रयोग

विकेन्द्रीकरण भन्नाले सामान्य अर्थमा राज्यको शक्तिलाई तल्लो निकायमा अधिकार निक्षेपण वा विस्तार गर्नु भन्ने बुझिन्छ। केन्द्रले गर्दै आएको कतिपय काम, कर्तव्य, अधिकार र जवाफदेही स्थानीय

* स्थानीय विकास मन्त्रालयअन्तर्गत स्थानीय शासन विज्ञका रूपमा कार्य गर्नुभएका भट्टराई हाल त्रिचन्द्र क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ ।

स्तरमा पुऱ्याउने प्रक्रिया विकेन्द्रीकरण हो । मुलुकको शासन व्यवस्थामा जनताको सक्रिय सहभागिता नभएसम्म प्रजातान्त्रिक शासन व्यवस्थाले गति लिन सक्दैन । शासन व्यवस्थामा हुने जनताको व्यापक र सक्रिय सहभागिताले राज्यको शासन व्यवस्थाको प्रत्येक तहमा प्रजातान्त्रिक संस्थागत विकास विकास हुने अपेक्षा गरिन्छ । राज्यले गर्नुपर्ने सम्पूर्ण कार्यहरू केन्द्रीय तहबाट मात्र गर्न सम्भव र व्यावहारिक नहुने भएकोले स्थानीय तहका समस्या समाधान गर्न त्यहीँका जनतालाई संस्थागत रूपमा सङ्गठित बनाएर कार्य गराउन अधिकारको निक्षेपण गर्नु नै विकेन्द्रीकरण हो । राज्यको भौगोलिक विकटता तथा विविधता, आधुनिक राज्यको कार्यमा भएको वृद्धि विज्ञान र औद्योगिकीकरणले ल्याएको युगान्तकारी परिवर्तन यातायात र सञ्चारमा देखिएको अभूतपूर्व विकास र जनतामा आएको चेतना जस्ता कारणले शक्तिको विकेन्द्रीकरणलाई अपरिहार्य बनाएको छ । विकेन्द्रीकरण केन्द्रको विकल्प तथा प्रतिस्पर्धी नभई परिपूरक हो । विकास प्रशासनको अर्को महत्त्वपूर्ण औजार हो विकेन्द्रीकरण । विकास प्रशासनको उद्देश्य प्राप्तिका लगि केन्द्रमा निहित राजनीतिक, आर्थिक र प्रशासनिक अधिकारलाई Horizental/Vertival गरी तल्लो वा स्थानीय निकाय वा सरकारलाई स्थानान्तरण गर्ने प्रक्रियालाई Decentralization भनिन्छ । विकेन्द्रीकरण एउटा प्रक्रिया हो, जसका माध्यमवाट अधिकार, जिम्मेवारी, शक्ति स्रोतसाधन तथा उत्तरदायित्व सरकारको केन्द्रीय निकायबाट स्थानीय स्तरमा Hand Over गरिन्छ । विकास प्रशासनसँग सम्बन्धित जति पनि नीति योजना, कार्ययोजना र प्रशासनिक संयन्त्रहरू छन्, ती सबै पक्ष र क्रियाकलापहरूलाई केन्द्रित गर्ने हो भने राज्य सञ्चालन सम्भव छैन । यसै गरी जनताले विकास प्रशासनको प्रतिफल पनि प्राप्त गर्न सक्दैन । अतः राज्य सञ्चालनको सिलसिलामा विकास प्रशासनसँग आबद्ध सबैजसो क्रियाकलापहरू र नीतिगत पक्षहरूलाई स्थानीय सरकारको स्वामित्वमा स्थानान्तरण गर्ने प्रक्रिया नै विकेन्द्रीकरणको मूल सार हो । आजको प्रजातन्त्र र मानव अधिकारको युगमा प्रशासनका सम्पूर्ण कार्यहरू केन्दबाट मात्र सम्पन्न नभई यसलाई तल्ला निकायहरूमा हस्तान्तरण गरिने चलन छ । यसरी हेर्दा केन्द्रमा रहेका अधिकार या शक्तिलाई तल्ला निकायमा हस्तान्तरण गर्नु विकेन्द्रीकरण हो भने यसको ठिक विपरीत केन्द्रमा नै अख्तियार केन्द्रित गर्नु केन्द्रीकरण हो । विकासका क्रममा सरकारले नै जनताका तमाम आवश्यक सेवासुविधा पुऱ्याउनुपर्दछ भन्नेबारे विगतको सोचाइमा आमूल परिवर्तन आएको छ । तसर्थ सरकारी क्षेत्रका साथै अर्धसरकारी क्षेत्र, जस्तै संघ, संस्थान, निगम, प्राधिकरण, स्थानीय सरकार क्षेत्र, जस्तै गा.वि.स., नगरपालिका र जि.वि.स., गैरसरकारी सङ्गठन आदि सबैको संयुक्त प्रयासले विकास कार्य अगाडि बढाउनुपर्दछ भन्ने अवधारणा स्थापित भइसकेको छ । यस सिद्धान्तअनुरूप केन्द्रीय सरकारले सम्पूर्ण अधिकार आफैसँग राख्ने प्रश्न उठदैन । आवश्यकताअनुसार अधिकारको बाँडफाँड जरुरी छ । यसैबमोजिम केन्द्रीय निकायहरूको नियन्त्रण अभिलेखका आधारमा स्थानीय निकायहरूलाई सक्रिय बनाउँदै अधिकारको हस्तान्तरण गर्ने प्रक्रियालाई विकेन्द्रीकरण भनिन्छ ।

विकेन्द्रीकरण आज विश्वव्यापी चर्चाको विषय बनेको छ । आजको विश्वमा सार्वजनिक र विकास प्रशासन खालि केन्द्रीय स्तरमा रहेर मात्र जनताको आकांक्षा र माग पूरा हुन सक्दैन । कुनै पनि नीति निर्माण र कार्यान्वयनमा जनताको सहभागिता उपलब्ध गराउने काम विकेन्द्रीकरणबाट मात्र सम्भव हुन्छ । वास्तवमा आधुनिक विकास प्रशासनको प्रभावकारिता नै सरकारी सेवाहरूलाई देशको प्रत्येक क्षेत्र स्थान तथा जनताहरूमा पुऱ्याउन सक्नुमा आधारित रहन्छ । जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर प्रदान गर्ने जनतामा आत्मनिर्णय गर्ने परिचारिका खोजी गर्ने विभिन्न वर्ग र तहका जनतालाई नियमबद्ध प्रक्रियामा सम्मिलित गराई राजनीतिक स्थिरता कायम गर्ने, जनजीवनमा

असर पार्ने निर्णयहरू जनताको सबैभन्दा नजिकको एकाइबाट गराई सार्वजनिक जवाफदेही सुनिश्चित गर्ने, सहभागितात्मक पद्धतिको अवलम्बन गरी दिगो विकासलाई निरन्तरता दिने, प्रजातान्त्रिक प्रक्रियाको सुदृढीकरणमा सहभागी हुने आदि उद्देश्यबाट निर्देशित राजनीतिक प्रक्रिया विकेन्द्रीकरण हो ।

विकेन्द्रीकरणलाई छाता अवधारणाका रूपमा विवेचना गरिएको छ । यसले विभिन्न पक्षलाई समेटेको छ । बृहत् रूपमा हेर्ने हो भने विकेन्द्रीकरणलाई मुख्यतः कार्यप्रणाली र भौगोलिक विभाजनका रूपमा अध्ययन गर्न सकिन्छ । कार्यप्रणाली भन्नाले सङ्गठनभित्र विभिन्न शाखा प्रशाखामा कार्यरत सहकर्मीहरूलाई कसरी काम तोक्ने, एउटा र अर्को कर्मचारीबीच समन्वय सहमति कसरी कायम राख्ने अधिकारको बाँडफाँड कसरी मिलाउने । भौगोलिक विभाजनका रूपमा हेर्दा केन्द्र, क्षेत्र, अञ्चल, जिल्ला, सेवाकेन्द्र र गाउँमा विद्यमान कार्यालयको स्थापना र तिनको सञ्चालन गर्ने प्रक्रियाबारे अवगत गरिन्छ । विकेन्द्रीकरण राज्य व्यवस्थाका विभिन्न अवयवबीचको शक्ति वितरण र समीकरणको प्रक्रिया हो । यसले शासनको शक्ति वा सत्ता केन्द्रीय स्तरमा मात्र सीमित नगरी अञ्चल, जिल्ला, गाउँसम्म प्रत्यायोजन गर्ने काम गर्दछ । विकेन्द्रीकरणको सिद्धान्त र मान्यता प्रजातन्त्र, स्वतन्त्रता, स्वायत्तता, सहभागिता, समानता, समानुपातिक विकास, समन्वय, प्रतिनिधित्व, लोकसम्मति आदिको विशिष्ट संयोजन हो ।

नेपालमा विकेन्द्रीकरणको प्रयासलाई राज्यद्वारा जनतासक्षम पुऱ्याइनुपर्ने सेवासुविधाका सरल, सहज र गुणस्तरीय उपलब्धता एवं जनताद्वारा चुनिएका प्रतिनिधिहरूद्वारा त्यस्तो सेवासुविधाको व्यवस्थापन गर्ने उद्देश्य प्राप्तिको माध्यमका रूपमा लिइएको छ । राज्य सञ्चालन प्रक्रियामा जनताको सहभागिता र स्थानीय स्तरको आधारभूत सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्तरका संघ, संस्था र निकायको भूमिका ऐतिहासिक कालदेखि नै कुनै न कुनै रूपमा अस्तित्त्वमा रहँदै आएको भए तापनि औपचारिक रूपमा विकेन्द्रित शासन प्रक्रियाको थालनी करिब चार दशक अघिदेखि हुँदै आएको हो । प्रजातन्त्रको पुनर्स्थापनापछि राज्यको शक्ति, स्रोत र साधनको उपयोगमा जनताको सर्वाधिक सहभागिताले मात्र प्रजातान्त्रिक शासन व्यवस्थाको वैद्यता र सुशासनको प्रत्याभूति दिन सक्छ भन्ने मान्यतालाई आत्मसात गरी गरिएका संवैधानिक एवं कानुनी व्यवस्थाले विकेन्द्रीकरणलाई प्रजातान्त्रिक शासन प्रणालीको आधारस्तम्भ र दिगो विकासलाई प्रवर्धन गर्ने पद्धतिका रूपमा स्वीकार गरिएको पाइन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को राज्यका निर्देशक सिद्धान्तमा सामाजिक, आर्थिक, एवं राजनीतिक क्षेत्रलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोक कल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुने कुरा उल्लेख गरिएको छ । त्यसैअनुरूप सो उद्देश्य प्राप्त गर्न नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २५ ले पनि विकेन्द्रीकरणका माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको प्रमुख दायित्व हुने कुरासमेत स्पष्ट पारेको थियो । संविधानको यस भावनालाई मूर्त रूप दिन स्थानीय निकायसम्बन्धी आवश्यक कानुनी एवं संस्थागत व्यवस्था गरी स्थानीय विकासका चुनौती, प्रजातन्त्रको माग र जनताका आकांक्षा पूरा गर्न सक्ने प्रभावकारी स्थानीय सरकारको व्यवस्था गर्न नीतिगत सुझावका लागि गठित उच्च स्तरीय विकेन्द्रीकरण समन्वय समिति, २०५३ को सिफारिस समेतको आधारमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ जारी भई कार्यान्वयनमा आएको छ । स्थानीय निकायका रूपमा रहेका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिहरू नै स्थानीय सरकार हुन् । विकेन्द्रीकरणको कार्यान्वयन र प्रवर्धनको प्रक्रियामा यी निकायहरूको भूमिका निकै महत्त्वपूर्ण रहेको छ ।

## ३. विकेन्द्रीकरणको परिभाषा

सामान्यतः विकेन्द्रीकरणको अवधारणाले केन्द्रले गर्दै आएका कतिपय काम, कर्तव्य, अधिकार र जवाफदेही स्थानीय स्तरका निकायमा पुऱ्याउने प्रक्रियालाई समेट्छ । यस्तो प्रक्रियाले विकास निर्माणका क्रियाकलाप र सेवाप्रवाहमा जनप्रतिनिधि, स्थानीय नागरिक समाज एवं निजी क्षेत्रको सहभागिता गराउने रणनीति लिएको हुन्छ । विकेन्द्रीकरण केन्द्रको विकल्प तथा प्रतिस्पर्धी नभई परिपूरक हो, जुन आपसी सहयोगात्मक पद्धतिमा काम गर्ने सिद्धान्त (Principle of Subsidiarity) आ आधारित हुन्छ । विकेन्द्रीकरणलाई निम्नानुसार परिभाषित गर्न सकिन्छ :

- नेपाली बृहत् शब्द कोशले विकेन्द्रीकरणलाई "शासनको शक्ति वा सत्ता केन्द्रीय स्तरमा मात्र सीमित नगरी अञ्चल, जिल्ला र गाउँ तहसम्म प्रत्यायोजन गर्ने काम वा स्थानीय समस्याहरू सुल्झाई समूचित रूपमा प्रशासन चलाउन सकियोस् भन्ने उद्देश्यले हुने सरकार विषयक तथा उत्तरदायित्वको स्थानीय सरकारमा विभाजन" भनी परिभाषित गरेको छ ।
- Encyclopedia of Social Science ले विकेन्द्रीकरणलाई यसरी परिभाषित गरेको छ, "Transference of authority, legislative, judicial or administrative, from a higher level of government to lower"
- "Decentralization is considered as a part of the overall governance system of any society. It is the process by which authority, responsibility, power and accountability are transfered from the central levels of government to the sub national levels."

उपरोक्त परिभाषाअनुसार विकेन्द्रीकरण भन्नाले निम्नलिखित कुराहरूलाई बुझिन्छ :

केन्द्रको काम, कर्तव्य अधिकार र जवाफदेही तल्ला स्तरका निकायमा दिइने प्रक्रिया,

अधिकार (व्यवस्थापकीय, न्यायिक र प्रशासकीय) को निक्षेपण, विकास क्रियाकलापमा जनप्रतिनिधिको र नागरिक समाजको प्रत्यक्ष सहभागिता, स्थानीय स्तरको नेतृत्व विकास गर्ने अवसर, केन्द्रको विकल्प (Alternate) नभई परिपूरक (Complement) रणनीति हो ।

## ४. विकेन्द्रीकरण कसरी हुन्छ ?

सामान्यतः विकेन्द्रीकरणलाई निम्नलिखित चार तरिकाबाट गर्ने गरेको पाइन्छ । अधिकार प्रत्यायोजन (Delegation) गरेर केन्द्रको अधिकार पटके रूपमा तल्ला निकायमा दिने, कार्यालय/सेवाको स्थानान्तरण (Ceconcentration) गरेर केन्द्रको कार्य स्थानीय स्तरमा कार्यालय स्थापना गरी सम्पादन गर्ने तथा सेवाप्रवाह गर्ने संयन्त्र विकास गर्ने, निक्षेपण (Devolution) गरेर कानुनद्वारा नै काम, कर्तव्य, स्रोतसाधन, जवाफदेही र अधिकार तल्ला स्वशासित निकायमा सुम्पिने निजीकरण (Privatization) गैरनियमन (Deregulation) गरेर बजार संयन्त्र र निजी क्षेत्रद्वारा सेवाप्रवाह गर्ने व्यवस्था मिलाएर विकेन्द्रीकरणलाई प्रशासनिक विकेन्द्रीकरण राजनीतिक विकेन्द्रीकरण, वित्तीय विकेन्द्रीकरण र बजारमुखी विकेन्द्रीकरणमा विभाजन गरेर पनि अध्ययन गरिन्छ । प्रशासनिक विकेन्द्रीकरणले सरकारका विभिन्न निकायका कार्यक्षेत्र, निर्णय अधिकार र तहगत भूमिकालाई स्पष्ट गरेको हुन्छ । अधिकार प्रत्यायोजन र सेवाको विकेन्द्रित व्यवस्था प्रशासनिक विकेन्द्रीकरण हो । राजनीतिक विकेन्द्रीकरणले स्थानीय जनता र उनीहरूका प्रतिनिधिलाई निर्णय गर्ने स्वायत्तता र थप अधिकार प्रदान गर्दछ । नेपालका सन्दर्भमा निक्षेपण राजनीतिक

निक्षेपण हो । त्यसै गरी निक्षेपित काम, कर्तव्य, अधिकार र कार्यसम्पादन गर्न आवश्यक पर्ने वित्तीय स्वायत्तता प्रदान गर्नु वित्तीय विकेन्द्रीकरण हो, जसअन्तर्गत कर, दस्तुर, शुल्क, जरिवाना, कर्जा लिने राजस्व बाँडफाँड र अनुदानका अधिकार पर्दछन् । बजारमुखी विकेन्द्रीकरणले वस्तु एवम् सेवाको उत्पादन र वितरणमा गैरसरकारी एवं निजी क्षेत्रको भूमिकालाई उल्लेख गरेको हुन्छ । यसअन्तर्गत सेवा करार, ठेक्कापट्टा र निजीकरणका माध्यमद्वारा सेवाप्रवाह गैरसरकारी र निजी क्षेत्रबाट गर्ने गराउने गरिन्छ ।

## ५. विकेन्द्रीकरण किन र केका लागि ?

- छरिएर रहेको स्थानीय साधन र स्रोतको प्रभावकारी रूपले परिचालनको निम्ति विकेन्द्रीकरण अपरिहार्य छ ।
- जनताको माग र आवश्यकताअनुसारका विकास योजना विकेन्द्रीकरणका माध्यमबाट स्थायित्वको बोध गराई सक्रिय जनसहभागिता जुटाउनका निम्ति ।
- नेपाल अधिराज्यको अन्तरिम संविधान, २०६३ ले निर्दिष्ट गरेको लोककल्याणकारी राज्यको अवधारणाअनुरूप विकासको प्रतिफल सन्तुलित र समान वितरणमा जनताको सहभागिता आवश्यक हुनाले ।
- बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा सार्वभौमसत्ता जनतामा निहित भएकोले हरेक नागरिकले आआफ्नो क्षेत्रका लागि सोच्ने र आफ्नो जवाफदेही आफैले बहन गर्न सक्ने स्थानीय स्वायत्त सरकारको संस्थागत विकास गर्न विकेन्द्रीकरण आवश्यक छ ।
- स्थानीय प्रविधि र सीपको प्रयोग गरी परनिर्भरतामा आधारित जीवनशैलीलाई आत्मनिर्भरतर्फ उन्मुख गराउन विकेन्द्रीकरणले टेवा पुर्‍याउँछ ।
- देश विकास सामूहिक सहभागिताबाट मात्र सम्भव हुन्छ भन्ने तथ्यलाई स्पष्ट पार्न विकेन्द्रीकरण अपरिहार्य आवश्यकता बनेको छ ।
- प्रजातान्त्रीकरणको प्रक्रियालाई स्थानीय स्तरमा संस्थागत गर्न ।
- स्थानीय स्तरमा नेतृत्वको विकास गर्न ।
- राष्ट्रिय एकता र एकीकरणका लागि (अफ्रिका, इन्डोनेशिया, रसिया) ।
- सेवाप्रवाहलाई प्रभावकारी पार्न ।
- जातीय, भाषिक, धार्मिक र भौगोलिक विविधतालाई सम्बोधन गर्न ।
- सरकारलाई जनताप्रति उत्तरदायी बनाउन ।
- स्थानीय स्तरको विकास प्रयासका लागि उपयुक्त वातावरण सृजना गर्न ।
- राज्यको स्रोतसाधनको दिगो र उच्चतम रूपमा विकास र व्यवस्थापन गर्न ।
- राज्यको शक्ति निक्षेपण गरी जनचाहनाअनुकूल राज्य व्यवस्था सञ्चालन गर्न ।
- विकास निर्माणका कार्यमा स्पष्ट उत्तरदायित्व किटान गरी दोहोरोपना न्यूनीकरण गर्न ।
- समावेशीकरणका माध्यमबाट स्थानीय जनतालाई सशक्तीकरण गरी मानव विकास गर्न ।

## ६. विकेन्द्रीकरणका आधारभूत तत्त्वहरू र स्थानीय स्वायत्त शासन

विकेन्द्रीकरणले राजनीतिक-सामाजिक सशक्तीकरण गर्दै सुशासनलाई स्थानीय स्तरमा प्रवर्धन गर्ने उद्देश्य राख्दछ । विकेन्द्रीकरणका आधारभूत तत्त्वहरू निम्नानुसार छन्, जस्तै आपसी सहयोगात्मक सिद्धान्त, उत्तरदायित्व, सहभागिता रणनीतिक सोच, स्वामित्व, जनचाहना र अपेक्षा राजनीतिक नेतृत्व, दिगोपना, स्वायत्तता आदि ।

# विषयवस्तु - विकेन्द्रीकरण

**समय** : १ घण्टा

**उद्देश्य**

- विकेन्द्रीकरण भनेको के हो र सुशासनलाई विकेन्द्रीकरणले कसरी बढावा दिन्छ भन्ने बारेमा अवगत हुनेछ ।

**विधि**

⇨ तुलनात्मक अध्ययन
⇨ मस्तिष्क मन्थन
⇨ छलफल

**सहजकर्ताले राख्नुपर्ने प्रश्न**

1. विकेन्द्रीकरण भन्नाले के बुझिन्छ ?
2. विकेन्द्रीकरणका के-के फाइदाहरू छन् ?

**सहजकर्ताको प्रस्तुति**

विकेन्द्रीकरणलाई विभिन्न तहमा विभिन्न व्यक्ती तथा संस्थाहरुले आ-आफ्नै किसिमले व्याख्या गरेको पाइन्छ । केही व्याख्या निम्नानुसार छन् ।

Deconcentration: केन्द्रिय सरकारसँग भएको अधिकार क्षेत्र, जिल्ला र गाउँ इकाइ तहसम्म दिइने प्रक्रिया हो । यसमा सरकारी संयन्त्रहरु खोलेर खास गरी सेवा प्रदान गर्ने अधिकार तल्लो निकायलाई दिइन्छ । उदाहरणका लागि वन मन्त्रालयले गर्ने काम वन विभाग, जिल्ला वन कार्यालय हुँदै रेञ्जपोष्ट सम्म पुग्नु पुऱ्याउनु

Delegation: नियमित कर्मचारी तन्त्र भन्दा फरक संयन्त्रलाई काम गर्ने अख्तियारी दिने काम delegation हो । जस्तैः कुनै आयोग बनाएर काम गर्नु

Devolution: स्थानीय स्तरमा रहेका जनताका सङ्गठनहरुलाई निर्णयको सम्भवत सम्पूर्ण अख्तियारी दिइने प्रकृया हो । जस्तैः स्थानीय व्यक्तिहरुद्वारा निर्मीत वन उपभोक्ता समूहलाई राष्ट्रिय वनको केही हिस्सा सामुदायिक वनको रुपमा सुम्पनु

Deregulation: सरकारद्वारा नियन्त्रण गरिएका विविध कुराहरु जस्तै अनुदान, मूल्य नियन्त्रण आदिलाई हटाउनु र वचत, लगानी तथा उपभोग आदिको निर्णयलाई बजारद्वारा निर्णय गर्न दिइने प्रकृया हो

Privatization: राज्यले जनता प्रतिका आफ्ना विभिन्न जिम्मेवारीलाई निभाउनका लागि निजी, स्वयंसेवी तथा अन्य गैरसरकारी संस्थाहरुलाई अख्तियारी दिइने प्रकृया हो ।

Denationalization: राज्यले सरकारी उद्योगधन्दा वा सम्पत्ति जनताद्वारा सञ्चालित कम्पनी वा कामदारद्वारा सञ्चालित कम्पनीलाई बेच्ने प्रकृया हो

Decentralization: स्थानीय निकायहरु जस्तै गा.वि.स., जि.वि.स., नगरपालिका आदिलाई काम गर्ने अख्तियारी दिने प्रकृया

अहिले हाम्रो समाजमा एउटा व्यक्ति, वर्ग वा समूहको निर्णयले अर्को व्यक्ति वर्ग वा समूहको जनजीवनमा असर परिरहेको छ । आफ्नो निर्णय वा आफूलाई आफैंले गर्न पाउनु पर्ने वा त्यस्तो निर्णय प्रक्रियामा सहभागी हुन पाउने अवस्थाको सिर्जना भइसकेको छैन । सम्बन्धित ठाउँ, व्यक्तिका लागि गरिने निर्णय धेरै टाढाबाट गरिएको हुन्छ । यो प्रक्रियाले वास्तविक तथ्य तथा मर्म बुझेर निर्णय गर्ने भन्दा पनि निर्णयतहमा रहेका व्यक्तिका मनोगत विचारबाट निर्णय हुने हुँदा पनि अपेक्षिकृत नतिजा हासिल नहुने स्थिति पैदा भएको छ । निर्णय कसले गर्दछ भन्ने कुराले नै आम सहभागीता र स्वामित्वलाई निश्चित गर्दछ ।

हाल विकेन्द्रीकरणको सवालमा हाम्रा देशले गरेका प्रयासहरूमा सैद्धान्तिक अवधारणामा नै पुनर्विचार गर्नुपर्ने कुरामा सरकारी तथा गैरसरकारी पक्षको ध्यान तानिएको छ । विकेन्द्रीकरणको अर्थ राज्यका अङ्ग अथवा शाखा प्रशाखाहरूलाई गाउँ स्तरमा लैजानु हो भन्ने मान्यताले धेरै ठाउँ पाएका छन । भौतिक रूपमा राज्यका अङ्गहरूलाई गाउँसम्म पुऱ्याउनु मात्रै विकेन्द्रीकरण भनेर बुझियो भने त्यसले सही नतिजा निकाल्न सक्दैन । शाखा प्रशाखाहरूलाई गाउँस्तरसम्म लैजानु एक स्तरको विकेन्द्रीकरण हो तर त्यहाँ पनि कसले निर्णय गर्दछ ? कसले एजेण्डाको तय गर्दछ ? र एजेण्डाहरुको कार्यान्वयनमा कसको प्रमुख भूमिका रहन्छ ? भन्ने सवाल नै प्रमुख हो ।

राज्यका शाखा प्रशाखाहरूलाई गाउँस्तरसम्म पुऱ्याउनुको अर्थ राज्ययन्त्रमा पहुँच नभएका, निर्णयमा सहभागी हुन नपाएका अर्थात् राज्य संरचनाभन्दा बाहिर परेका व्यक्तिहरूलाई संरचनाभित्रको निर्णय प्रकृयामा ल्याउनु हो । निर्णयदेखि टाढा रहेका व्यक्तिहरूलाई नजिक पार्नु हो । आम जनसहभागीताद्वारा के गर्ने, किन गर्ने, कसले गर्ने, कसरी गर्ने भन्ने कुराको टुङ्गो लगाउन निर्णय प्रकृयाहरुलाई जन स्तरसम्म पुऱ्याउनु हो ।

हामीले माथि विकासका चरणहरू, सामाजिक न्याय, सामाजिक संरचना, सुशासन, विकेन्द्रीकरण जस्ता सवालहरूको व्याख्या, विश्लेषण गरियो । अब मूल कुरा भनेको नागरिक तहबाट के कस्ता अवधारणामा आधारित भएर के कस्ता क्रियाकलापहरू सञ्चालन भए छेउ पारिएका, कमजोर वर्गको राजनीतिक सहभागीता बढ्ला ? सुशासन, सामाजिक न्यायमा आधारित समाज स्थापना होला ? भन्ने कुराको बहस चलाउनु नै अहिलेको महत्वपूर्ण सवाल हो ।

त्यसो त, सरकार तथा गैरसरकारी क्षेत्रबाट यस्तो प्रयास हुँदै नभएको होइन तर पनि अवधारणा दृष्टिकोण, नीति, उपर्युक्त क्रियाकलापहरू अवलम्बन गर्न नसकेकोले अपेक्षाकृत नतिजा निस्कन सकेन । विगतका अनुभवमा समाजको विकासक्रमसँगै विकास अवधारणामा पनि परिवर्तन हुँदै आएको छ र जनताको प्रत्यक्ष संलग्नताका लागि विगत केही समय अगाडिदेखि नागरिक समाजमा वकालत सम्बन्धी अवधारणाले ठाउँ पाएको छ । अब हामी यस सम्बन्धी छलफलमा प्रवेश गर्दछौं भन्ने रायका साथ जन (केन्द्रीत) वकालत भन्ने विषयमा प्रवेश गर्नु उपयुक्त हुनेछ ।